# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# सामान्य सेवा विभागको

## सिलवन्दी बोलपत्र आह्वान सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०६४।११।१५ गते)

नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय परिसरभित्रको मुख्य भवन र सहायक भवनहरुको रंगरोगन गर्ने कार्य सिलवन्दी बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएकोछ ।

**शर्तहरु:**

१. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म दिनको ३:०० बजेभित्र नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग, बालुवाटार र बैंकिंग कार्यालय, थापाथलीबाट रु.२,०००।०० (रु.दुई हजार मात्र) तिरी (पछि फिर्ता नहुने) खरीद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरीद गर्न आउंदा निवेदनका साथ फर्म दर्ता प्रमाण, नविकरण भएको ईजाजतपत्र र कर दर्ता प्रमाणको प्रतिलिपि पेश गर्न अनिवार्य हुनेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन भित्र (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिनको १२:०० बजेभित्र नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभाग, बालुवाटारमा बोलपत्र दाखिला भै सक्नु पर्नेछ ।

४. प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने) बोलपत्र खोलिनेछ ।

५. बोलपत्र पेश गर्दा विडबण्ड वापत आफुले कवुल गरेको रकमको पांच प्रतिशतले हुन आउने रकम यस बैंकको थापाथली स्थित सा.हि.नं ९ मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने अन्य बैंकबाट जारी गरिएको बोलपत्र खुल्ने मितिबाट न्युनतम ९० (नब्बे दिन) अवधिको विडबण्ड संलग्न गर्नु पर्नेछ ।

६. दुई छुट्टा-छुट्टै फर्म/कम्पनीहरुले संयुक्त रुपमा बोलपत्र पेश गर्ने भएमा दुवै फर्म/कम्पनीका आधिकारिक प्रतिनिधिहरुले संयुक्त रुपमा दस्तखत गरी दुवै पक्षको छाप लगाउनु पर्नेछ वा दुवै फर्म/कम्पनीको तर्फबाट कुनै एउटा फर्म/कम्पनीले मात्र बोलपत्र पेश गर्ने भएमा बोलपत्रमा दस्तखत नगर्ने फर्म/कम्पनीले बोलपत्रका संपूर्ण शर्तहरु पालना गर्न कवुल गरी अर्को फर्म/कम्पनीलाई प्रतिनिधि नियुक्त गरेको आधिकारिक पत्रको सक्कलै प्रति पेश गरेको हुनु पर्नेछ ।

७. सार्वजनिक खरिद ऐन, २०६३ अनुसार बोलपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने संपूर्ण अधिकार यस बैंकको हुनेछ ।

८. बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ र यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय,सामान्य सेवा विभागमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ । बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा समेत राखिएको छ ।

९. बोलपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्थाको कालो सूचीमा नपरेको हुनु पर्नेछ ।

१०. यस रंगरोगन कार्यको अनुमानित लागत रकम रु.२४,६६,५५३।१५ (मु.अ.कर समेत) रहेको छ र सो लागत रकमको तीस प्रतिशतभन्दा बढीले कम मूल्य कबोल गरी पेश गरिएको बोलपत्र रद्द हुनेछ ।

११. उपरोक्त अनुसार रीत नपुगेको वा म्याद भित्र प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।